मध्यपश्चिम विश्वविद्यालय

**परीक्षा व्यवस्थापन कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

**मौका परीक्षा २०८०**

विषय: **नेपा.५३१** आधुनिक भाषाविज्ञान र नेपाली भाषा — पूर्णाङ्क: ६०

**तह स्नातकोत्तर** — सेमेष्टर: तेस्रो — समय: ३ घण्टा — उत्तीर्णाङ्क : ३०

*परीक्षार्थीले सकेसम्म आफ्नै शब्दमा मौलिक उत्तर लेख्नुपर्नेछ ।*

**तल दिइएका प्रश्नहरूको अतिसंक्षिप्त उत्तर दिनुहोस् :** १०×१=१०

१. नेपाली भाषा कुन लिपिमा लेखिन्छ ?

२.संरूप भनेको के हो ?

३.सतार/सन्थाल भाषा कुन भाषापरिवारभित्र पर्छ ?

४.झाँगड/धाँगड कुन भाषापरिवारभित्र पर्ने भाषा हो ?

५.भाषाका सन्दर्भमा 'पिजिन' भन्नाले कस्तो भाषा हो ?

६. नेपाली भाषा कुन भाषापरिवारभित्र पर्दछ ?

७.भाषिक मृत्यु भनेको के हो ?

८. भाषिका भन्नाले के वुझिन्छ ?

९. नेपालमा वर्तमान समयमा वोलिने भाषाको सङ्ख्या कति पुगेको छ ?

१० अनुनासिकता र मात्रा कस्ता ध्वनि हुन् ?

**कुनै तीन प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् :** ३×८=२४

११.ध्वनिविज्ञानको परिचय दिई खण्डेतर ध्वनिलाई सोदाहरण चिनाउनुहोस्।

१२.अर्थविज्ञानको क्षेत्र र प्रकृतिवारे चर्चा गर्नुहोस्।

१३.भाषाको परिचय दिई भाषाका मुख्य मुख्य विशेषताहरूसमेत उल्लेख गर्नुहोस् ।

१४.नेपाली भाषाका शब्दनिर्माण प्रक्रियाहरूलाई सोदाहरण चिनाउनुहोस् ।

**कुनै दुई प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :** २×१३=२६

१५.भाषा र भाषिकाको परिचय दिई नेपाली भाषाका क्षेत्रीय भेद(भाषिका)को संक्षिप्त चिनारी प्रस्तुत गर्नुहोस् ।

१६.वर्णविश्लेषण सिद्धान्तको परिचय दिई वर्णविश्लेषणका मूलभूत सिद्धान्त वा पद्धतिलाई उदाहरणसहित चिनाउनुहोस् ।

१७. ऐतिहासिक र तुलनात्मक भाषाविज्ञानको उदभव र विकास प्रक्रियाको छोटो रूपरेखा तयार पार्नुहोस् ।